# नगरप्रमुख श्री बाजि सिंह खड्काद्वारा

# नगरसभामा प्रस्तुत गरिने

# आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

## दिपायल सिलगढी नगरपालिका

## सिलगढी, डोटी

## मिति : २०८३।०३।०७ गते

**यस गरिमामय नगर सभामा उपस्थित नगर उपप्रमुखज्यू तथा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीज्यूहरु एवं पत्रकारज्यूहरु ।**

यस गरिमामय नगर सभामा आगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस नगरसभामा नगरपालिकाको आगामी आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । चालु आ.व. को नीति तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग गर्दै ***सुसंस्कृत, सन्दर र समृद्ध नगर*** विकासमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, संघीय सरकारको बजेट तथा कार्यक्रम साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्ग दर्शनलाई पूर्णतः अवलम्वन गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यस नीति तथा कार्यक्रम निर्माणका लागि विषयगत समितिहरु, वडा समितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, विषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्बन्धित क्षेत्रका बिज्ञहरु लगायतबाट प्राप्त सुझावका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको नगरपालिकाले सिमित स्रोत साधनबाट काम गर्नु पर्ने चुनौति हुंदाहुंदै पनि चालु आ.व. मा नगर बासीहरुको हीत र सुविधाका लागि सुशासन, सामाजिक एबं आर्थिक विकास सहित भौतिक पूर्वाधार निर्माण तथा स्रोत परिचालन गरी यस क्षेत्रको विकासका सम्बन्धमा केही अनुभुति योग्य कार्य गर्नका लागि सरोकारवाला सहित संग समन्वय, सहकार्य गर्दै नगर विकासलाई जनमुखी बनाउने प्रयास गरिनेछ ।

अब म आगामी आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु ।

१. परम्परागत पेशाको रुपमा रहेको कृषिलाई सम्मानजनक र उद्यमशील पेशाको रुपमा स्थापित गर्न कृषिलाई पहिलो प्राथमिकतामा राखी कृषकहरुलाई उन्नत जातका बीउ, मल र प्रविधि वितरण गरी नगरभित्र बांझो जमिन राख्न नदिने नीति अवलम्बन गरिनेछ । कपास खेतीलाई अभियानका विकास गरिनेछ । सोका लागि बीउ, र बजारीकरणको व्यवस्था गरिनेछ । कपास खेतीको विमा गर्ने व्यवस्था तथा कपास खेतीमा उत्कृष्ट कृषकलाई आवश्यक सहयोग तथा पुरष्कृत गरिनेछ । कृषकले गरेको उत्पादनको बजारीकरणको ग्यारेन्टी गरिनेछ । फलफूल, तरकारी तथा मसाला खेती प्रवर्द्धन गरिनेछ ।

२. प्रदेश सरकारको सहयोगमा निर्माण सम्पन्न भएको शितगृह (**Cold Store**)को निर्माण कार्य सहित व्यवस्थापन लाई निरन्तरता दिई  कृषि उपजको भण्डारणको समुचित व्यवस्थापन गरिनेछ ।

३. कलेना, प्याटी, धामीगाउं, सिलगढी, पुन्ना, बागठाटा लेकठाटा, थाप्ला तथा रातुली लगायतका कृषि क्षेत्रमा प्रबन्धका लागि आवश्यक सिंचाइ पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिका क्षेत्रमा आवश्यक सिचाई एवं अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु ल्याइने छ ।

४. स्थानीय स्तरमा रोजगारि अभिवृद्धि गर्न सरकारी तथा गैर सरकारी निकायहरु र निजी क्षेत्र संगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

५. पशु स्वास्थ्यका लागि आवश्यक औषधी व्यवस्थापन गरिने छ । नश्ल सुधारका लागि कृत्रिम गर्भाधानलाई विस्तार गरिने छ तथा यसका लागि पशु सेवा प्राविधिकको क्षमता विकास गरिने छ ।

६. नगरका सम्भाव्य धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

७. सहकारी क्षेत्रलाई सुदृढ बनाउंदै लगिनेछ साथै सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPOMIS) मा आवद्ध गराउनका लागि  आवश्यक तालिम तथा अनुगमन कार्य प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

८.नगर क्षेत्रमा आर्थिक, सामाजिक, लैंगिक रुपमा पिछडिएका महिला, बालबालिका, दलित, अपांग, ज्येष्ठ नागरिकहरु लक्षित विभिन्न कार्यक्रमहरु आयोजना गरी समतामूलक समाज निर्माणका लागि आवश्यक  कार्य गरिनेछ ।

९. युरोपियन युनियनको आर्थिक सहयोग तथा संयुक्त राष्ट्र संघीय एजेन्सीाहरु (UNFPA, UNICEF, UN WOMEN, ILO) को प्राविधिक सहयोगमा हाल सञ्चालनमा रहेको **सशक्त महिला, समृद्ध नेपाल** परियोजना यसै बर्ष सन् २०२६ मा परियोजना अबधी सकिन लागेको हुंदा उक्त कार्यक्रमको समीक्षा सहित सुरक्षित अल्पकालिन महिला सेवा केन्द्र एवं एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) लाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. सधैंका बर्ष झैं लैंगिक हिंसा निवारण कोषमा रकम अभिवृद्धि गर्दै लगिनेछ । लैंगिक हिंसा तथा अन्य कारणले लैंगिक हिंसा प्रभावित महिलाहरुलाई लक्षित गरी व्यवस्थित ***सुरक्षित अल्पकालिन महिला सेवा केन्द्रको सुदृढीकरण****का* लागि जिल्ला समन्वय समिति मार्फत सबै जिल्ला स्थित स्थानिय तह संगको समन्वय बढाइनेछ  र  लैंगिक हिंसा तथा अन्य कारणले प्रभावित व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवालाई निरन्तरता प्रदान गरिनेछ

११. दलित समुदाय अर्न्तगत विभिन्न जातजातिका परम्परागत पेशागत कार्यलाई निरन्तरता दिन सीप तथा प्रविधि हस्तान्तरण गरिनेछ ।

१२. समाजमा बिद्यमान कुप्रथा छाउपडी, जातीय छुवाछुत प्रथा न्युनिकरणका लागि समुदायकामा सचेतनामूलक अभियानहरु सञ्चालन गरिनेछ ।

१३. बाल श्रम मुक्त तथा बालविवाह मुक्त वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. *सशक्त महिला सम्बृद्ध नेपाल* कार्यक्रम अर्न्तगत बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्न युनिसेफ लगायतका निकाय सहित सो मा कार्य गर्ने गैर सरकारी संस्थाहरु संग समन्वय बढाई आगामी आर्थिक वर्षमा बालमैत्री वडा घोषणा कार्यक्रमका लागि यसै बर्ष  आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

१५. बालबालिका तथा गर्भवती महिलाहरुको पोषणमा सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपले  सञ्चालन गर्न समुदाय तथा वडा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. शिक्षलाई समता र सम्बृद्धिको आधारको रुपमा स्थापित गर्न नेपाल सरकारको नीति अनुरुप ***संवत २०८४ साल सम्म सबै बालबालिकाले आधारभुत शिक्षा*** प्राप्त गर्न यस नगरपालिकामा पनि सबै बालबालिकालाई आधारभुत तहको शिक्षा प्राप्त गर्न सचेतनामुलक कार्यक्रम सहित भर्ना अभियानलाई सुदृढ गरिनेछ ।  माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिलाई प्राथमिकता दिईनेछ । माध्यामिक विद्यालयको कक्षा ११/१२ मा विज्ञान संकाय सञ्चालन गरिहेका विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ । बिद्यार्थीको कक्षा छोड्ने दरलाई निरुत्साहित गर्न वडा समितिको भुमिका बढाइनेछ ।

१७. शिक्षकको शिक्षण सुधारका लागि पेसागत तालिम सञ्चालन गरिने छ । उत्कृष्ट शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिहरुलाई आर्थिक वर्षको अन्तमा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ  उत्कृष्ट विद्यालयलाई सम्मान सहित पुरस्कृत गरिनेछ ।

१८.बिपन्न, सिमान्तिर्कत, दलित, अपांगता भएको ब्यक्तितथा पिटडिएको बर्गका परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षामा समान पहुंच स्थापना गर्न आवश्यक पहल गर्दै समुदाय सचेतना, भर्ना अभियान, छात्रबृत्ति अनुदानको व्यवस्था गर्दै विद्यार्थीको अनुपातमा शिक्षक संख्या कमी रहेका विद्यालयहरुमा दिइदैं आइएको शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।

१९. विद्यालयमा विद्यार्थीको प्रतिभा पहिचानका कृयाकलापहरु सञ्चालन गर्ने बिषयलाई निरन्तरता दिदै गरिब, दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि पनि छात्रवृतिको व्यवस्था गरिने छ ।

२०. बिद्यालय तहमा प्रदान गरिने दिवा खाजालाई स्थानीय स्तरमा उत्पादन गरी बालबालिकाको स्वास्थ्य सुदृढ गर्नका लागि स्थानीय समुदाय, आमा समूह, कृषि विकास शाखा, स्थानीय अभिभावक तथा समुदाय र सहकारी संस्थाहरुको समन्वय बढाइ स्थानीय उत्पादन बढाउने कार्यलाई प्राथमिकता दिन आवश्यक कार्य गरिनेछ ।

२१. नगरमा स्थापना हुन लागेको इन्जिनियरिङ्ग क्याम्पस भौतिक पूर्वाधार निर्माणका लागि बिभिन्न निकाय संगको समन्वय र सहकार्य बढाई चाडै अध्ययन अध्यापनको वातावरण तयार गर्न पहल गरिनेछ ।

२२. नगरक्षेत्रका समुदायमा पुर्ण सरसफाई युक्त घर सहित पुर्ण सरसफाई युक्त समुदाय निर्माण गर्न टोल विकास संस्था मार्फत हरेक घरमा सरसफाई कार्ड प्रदान गर्ने, अनुगमन गर्ने तथा बिद्यालयहरुमा बालिकाहरुको स्वास्थ्य, सरसफाई र स्वच्छता कायम गर्न ***ग्रीन स्कुल क्लिन स्कुल*** को अवधारणा लागु गर्न टिपी ट्याप, इन्सिनेटर, स्वच्छ पिउने पानी,साबुन पानी, सहित महिनावारी स्वच्छताको लागि सेनिटरी प्याड उपलब्धतालाई निरन्तरता दिईनेछ साथै बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभाव संघको समन्वयमा माध्यामिक तहका बिद्यार्थीहरु परिचालन गरी समुदाय बिद्यालय सरसफाई अभियानलाई अतिरिक्त क्रियाकलापका रुपमा सञ्चालन गरिनेछ ।

२३. बिद्यालय तहमा बिद्यार्थी तथा दरबन्दीको अबस्था अध्ययन गरी बिद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी मिलान गर्ने तथा आवश्यकता अनुरुप बिद्यालयको समायोजन (Marzing) गरी गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२४. विभिन्न दिवसको अवसरमा नगर, वडा तथा पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजनाको व्यवस्था गरिनेछ । खेल मैदानहरुको आवश्यक पूर्वाधार निर्माण एबं संरक्षण तथा संवर्द्धन गरिनेछ साथै खेलाडीको मनोबल उच्च राख्न विभिन्न विधाका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।

२५. नगरपालिकाबाट प्रवाह हुने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन, स्वास्थ्य चौकी, नगरस्वास्थ्य केन्द्रहरुको संस्थागत तथा भौतिक विकास गर्दै सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरी विशेषज्ञ स्तरीय स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

२६. नगर स्वास्थ्य केन्द्र तथा हेल्थपोष्टमा स्थापित ल्याव प्रयोगशालाहरुलाई थप व्यवस्थित बनाउंदै लगिनेछ ।

२७. ***निरोगी नेपाल अभियानलाई सार्थक बनाउन निरोगी नगर अभियान*** सञ्चालन सहित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधिको अभाव हुन दिइने छैन साथै स्वास्थ्य संस्थाहरुमा आवश्यक भवन, उपकरण, औजारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२८. विभिन्न सरुवा रोग नियन्त्रण, रोकथाम र उपचारका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२९. साविक स्थानीय निकायबाट समायोजन भई यस नगरपालिकामा कार्यरत कर्मचारीहरु सेवा निबृत्तभई जाने सम्भावनालाई दृष्टिगत गरी निजहरुले प्राप्त गर्ने उपदान सहितको सेवा सुविधाकलाई प्राथकिता दिई कर्मचारी कल्याण कोषमा रकम बिनियोजन गर्ने बिषयलाई प्राथमिकता दिईने छ साथै कार्यरत कर्मचारीहरुको पेसागत विकासमा बृद्धि गर्न नगरमा पारित क्षमता बिकास योजनामा समावेश क्षमता बिकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

३०. नगरभित्रका विद्यालयमा चौमासिक रुपले स्थानीय स्वास्थ्य संस्थाबाट विद्यार्थीहरुको स्वास्थ्य परीक्षणको कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै जिल्ला अस्पताल, डोटी संगको समन्वयमा बिद्यालय का बालबालिका र जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।

३१. ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको पार्श्वचित्र तयार गरी संरक्षण तथा विकासमा जोड दिइनेछ साथै नगरक्षेत्रका मौलिक संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ ।

३२. संघीय सरकारले अवलम्बन गरेको ***देवभूमि नेपाल राष्ट्रिय अभियान*** संग समन्वय गरी नगर क्षेत्रका प्रमुख धार्मिकस्थल शैलेश्वरी र दिल्पेश्वर-बासुधारा क्षेत्रलाई बिशेष प्याकेज बनाइ पुर्वाधारको विकास सहित पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्य गरिनेछ र नगर भित्र हुने धार्मिक पर्व र जात्राहरुको उचित व्यवस्थापन तथा संरक्षण गरिने छ ।

३३. संघ सरकारको समन्वयमा बाइसधारा– दिल्पेश्वर मठ–सिलगढीको पुरानो बजारलाई सांस्कृतिक शहरको रुपमा विकास गर्न आवश्यक कार्य गरिनेछ ।

३४. निर्मित सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्दै सडक किनारामा वृक्षारोपण गर्ने कार्यक्रमलाई निरन्तरता दिइ ***हरित सडक*** अवधारणा लागु गरिनेछ ।

३५. सन् २०८७ सम्म सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभुत सरसफाई सुविधा सुनिश्चित गर्ने संघीय सरकारको लक्ष्य अनुरुप ***सबै नगरबासीलाई आगामी २ बर्ष भित्रै स्वच्छ र गुणस्तरीय खानेपानी उपलब्ध*** गराउन संघ, प्रदेश र स्थानीय तीनै तहको सहयोगमा खानेपानी क्षेत्रगत सुशासन पुर्वाधार विकास परियोजना मार्फत खानेपानी र सरसफाइका क्षेत्रमा व्यवस्थित र दिगो रुपमा कामहरु अगाडि बढाइनेछ । फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ । आ.व.२०८३।०८४ भित्रै नगर क्षेत्रमा खानेपानी क्षेत्रगत सुशासन पुर्वाधार विकास परियोजना मार्फत घरधुरीमा खानेपानी उपलब्ध गराउने गरी काम अगाडि बढाउन सम्बन्धीत निकाय संग समन्वय र सहकार्य गरिनेछ ।

३६. राष्ट्रिय भवन संहिताको कार्यान्वयनका लागि भौतिक निर्माणमा भूकम्पीय जोखिम न्युनिकरण गर्न नगरभित्र अनिवार्य रुपमा नक्सा पास गराएर मात्र घर निर्माण कार्य अघि बढ्ने पद्धतिको विकास गरिने छ साथै घर नम्बरिंग सिस्टम लागु गर्न प्राबिधिकहरु परिचालन गरिनेछ ।

३७. यस नगरपालिकाको वडा नं. २ को रानीपौवा नजिकैको स्थानमा नगर विकास कोष संगको सहकार्यमा निर्माण गरिने बसपार्कलाई समयमै सम्पन्न गर्न सरोकारवालाहरुलाई परिचालन गरिनेछ ।

३८. नगरलाई आकर्षक बनाउन एवं वातावरण स्वच्छताको लागि वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरिने छ ।

३९.संम्बत २०७९ साल कार्तिक २२ गतेको गएको भूकम्पबाट प्रभावितभई निजी आवासमा क्षती भएका तथा अर्को बैकल्पिक बसोवासको लागि व्यवस्था नभएका व्यक्तिहरुलाई सुरक्षित आवास उपलब्ध गराउनका लागि राष्ट्रिय बिपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण ***(NDRRMA)*** संगको साझेदारीमा करिव ३००० धुरीमा गरिएको Detail Damage Assessment (DDA) पश्चात बिभिन्न तीन चरणमा गरी लाभग्राही कायम गर्न सिफारिस भइ आएका, ***घर पुनर्निर्माण (To be rebuilt) गर्नु पर्ने ३०४, प्रवलीकरण (Major Repair) गर्नुपर्ने ३०८ र सामान्य मर्मत (Minor Repair) गर्नु पर्ने ३६२ गरी कुल ९७४ घरधुरीको*** निर्माण तथा मर्मत गर्नका लागि भुकम्प पुर्ननिमाण इकाइ गठन गरी यथाशिघ्र काम अगाडि बढाइनेछ र सोका लागि आन्तरिक जनशक्ति परिचालन गरी उक्त कार्यको व्यवस्थापन गरिनेछ ।

४०. नगरभित्रको फोहोरमैला विसर्जन केन्द्र (land fill Site) निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।

४१. क्षमता विकास योजना अनुसार जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका विभिन्न कार्यक्रमहरु ल्याइनेछ ।

४२. न्यायिक समितिबाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइनेछ । वडास्तरमा गठित मेलमिलाप कर्ताको क्षमता बिकास सहित न्यायिक समितिका पदाधिकारी तथा सो कार्यमा संलग्न कर्मचारीको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

४३. पारदर्शी, जवाफदेही, स्वच्छ र सदाचारयुक्त जनसहभागितामूलक सेवा प्रवाह गर्दै प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता सहित प्रतिबेदन प्रणालीको अबलम्बन गरिनेछ ।

४४. आफ्नै वडा भवन नभएका वडाहरुको भवन निर्माण कार्यलाई क्रमशः अघि बढाइनेछ ।

४५. स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ संकलन गरी तयारी बस्तु बनाउनका लागि युवाहरुलाई प्रोत्साहित गरी युवास्वरोजगारी बढाउनका लागि आवश्यक कार्य गरिनेछ ।

४६. टोल विकास संस्था गठन गर्ने कार्यलाई निरन्तरता दिई गठित टोल विकास संस्थाहरुको क्षमता विकास गर्दै गठित टोल बिकास संस्था मार्फत उपभोक्ता समिति गठन तथा परिचालन, सरसफाई अभियान र चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

४७. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गदै वित्तीय सुशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनको दायरा बढाउन राजश्व सम्बन्धी अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।

४८. वडा स्तरवाट राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाइनुका साथै सो सम्वन्धमा कर्मचारी र जनप्रतिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ र करार तर्फ रहेका कर्मचारीहरुको पारिश्रमिक बृद्धि गरी प्रोत्साहित गरिनेछ ।

४९. खरका छाना तथा जिर्ण घरका बसोवास गरी रहेका बिपन्न परिवारको सुरक्षित निजी निवास निर्माणका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरी आवश्यक कार्य गरिनेछ ।

५०. आन्तरिक आय बढाउन निर्मित नगरको लागि राजश्व सुधार योजनाको कार्यान्वयनमा जोड दिइनेछ ।

५१. नगरपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउंदै लगिनेछ दिपायल सिलगढी नगर स्वच्छ, शिक्षित र समुन्नत बनाउने हामी सबैको रहर भन्ने नारालाई सार्थक पार्न सबै पक्ष संगको समन्वय र सहकार्यलाई बढाउदै लगिनेछ ।

५२.सामाजिक बिकासका क्रियाकलापहरुको निरन्तरता, स्रोतपरिचालन र सुदृढीकरका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु संगको समन्वय तथा सहकार्यमा जोड दिइनेछ ।

५३.नगरपालिकाको आन्तरिक सुशासनलाई सुदृढ गर्न सार्बजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रतिबेदनयुक्त अनुगमन प्रणालीको बिकास, क्षमता बिकास योजनाको कार्यान्वयन, आबधिक बिकास योजना कार्यान्वयन जस्ता क्रियाकलापहरुलाई प्राथमिकता दिइनेछ ।

५४. योगध्यानबाट सकारात्मक सोचको बिकास गर्न नगरका माध्यामिक बिद्यालय लगायत समुदायमा योगध्यानको कक्षाहरु आयोजना गरी मानशिक र शारीरिक स्वस्थ्यता प्रबर्द्धन गरिनेछ साथै पतंजली योग भवन निर्माणको लागि पहललाई निरन्तरता दिइनेछ ।

५५.सुदूरपश्चिम प्रदेशको प्रख्यात धार्मिक धरोहर श्री बडीमालिका पूजाको लागि परापूर्वकाल देखिको संस्कृतिको रुपमा स्थापित दिपायलको भुरुडी सहित डोटीको पेटारो (भगवती माताको श्रृंगार सामग्री) बाजागाजा सहित लैजाने परम्परालाई थप व्यवस्थित बनाउन आवश्यक कार्य गरिनेछ ।

५६. नगरबाट प्रवाह हुने सेवालाई सहज, सरल र सर्वसाधारणले बुझ्ने बनाउन, वडा र नगरस्तरमा गुनासो व्यवस्थापन प्रणाली बिकास गर्ने, मौखिक, लिखित र सामाजिक सञ्जाल मार्फत आउने गुनासालाई कार्यान्वयनमा लैजाने प्रणालीको बिकास गरी जनमुखी स्थानीय सरकारको प्रत्याभुति गरिनेछ ।

५७. नगरक्षेत्रका न्युन आय भएका *अति बिपन्न १००० परिवारलाई यसै* बर्ष नगरपालिका मार्फत स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराइनेछ ।

५८. दुग्ध व्यवसायका लागि भैंसी पालन गर्ने किसानहरुको भैंसी बीमा कार्यक्रम किसान र नगरपालिकाको ५०।५० प्रतिशत लागत सहभागितामा सञ्चालन गरी जोखिम बहन गर्ने क्षमतालाई सुदृढ गरिनेछ ।

५९. नगर क्षेत्रमा सुनौला हजार दिनका आमा, बालबालिका तथा किशोरीहरुलाई लक्षित गरी पोषण सुनिश्तिता गराउने कार्यक्रमलाई प्राथमिकता दिई नेपाल सरकारबाट संचालित तेश्रो चरणको बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन लाई प्रभावकारी बनाउन संभावित बस्ती एवं टोल र वडालाई पोषण मैत्री बनाउन स्थानीय तथा दातृनिकायको स्रोत साधन परिचालन गरी पोषण बिशेष तथा पोषण संवेदनशील कार्यक्रम कार्यान्वयन गरी पोषण मैत्री स्थानीय शासनको प्रवर्द्धन गरी आमा तथा बालकालिका एवं किशोरीको पोषण अवस्था सुदृढ गरिनेछ ।

६०. स्थानीय सरकारको आयोजना तथा कार्यक्रममा नागरिकको चासो बढाइ सुशासन युक्त स्थानीय सरकारको प्रत्याभुत गर्न नागरिक सहभागिता नीति (Citizen engagement Policy) कार्यान्वयन गरिनेछ ।

अन्तमा यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी विभिन्न बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नुहुने नगरकार्यपालिका सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, विभिन्न क्षेत्रका विज्ञज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

यसैगरी नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस गरीमामय नगरसभाको सफलताको शुभकामना सहित प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहन्छु ।

धन्यवाद ।

मिति : २०८३ साल असार ७ गते, आइतबार

बाजी सिंह खड्का

**प्रमुख**

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी